नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

**इ.प्रा.परिपत्र संख्या : ०७/२०७६-७७** **मितिः २०७६/१२/०५**

श्री नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्यालय लगायत सम्पूर्ण कार्यालयहरू, इजाजतपत्रप्राप्त "क" वर्गका वाणिज्य बैंकहरू र राष्ट्रिय स्तरका "ख" वर्गका विकास बैंकहरू ।

**विषय : एकीकृत परिपत्र - २०७६ मा संशोधन गरिएको सम्बन्धमा ।**

महाशय,

विदेशी विनिमय कारोवार गर्न इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था र अन्य निकायहरूलाई जारी गरिएको एकीकृत परिपत्र-२०७६ मा देहाय बमोजिम संशोधन तथा थप गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

**(क) एकीकृत परिपत्र-२०७६ को परिपत्र नं. ०१/२०७६ को दफा १.१.१३ मा बुँदा (छ) थप गरिएको छ ।**

(छ) **बिरुवा संरक्षण ऐन, २०६४** र **विरुवा संरक्षण नियमावली, २०६६** ले पैठारी गर्दा अनुमति पत्र (Entry Permit) लिनुपर्ने भनी तोकेका वस्तुहरूको नेपाल सरकारको सम्बन्धित निकायबाट अनुमति पत्र लिएर मात्र पैठारी सम्बन्धी अन्य प्रक्रिया अगाडि बढाउनुपर्नेछ ।

**(ख) एकीकृत परिपत्र-२०७६ को परिपत्र नं. ०१/२०७६ को दफा १.१.१५ लाई देहाय बमोजिम संशोधन गरिएको छ ।**

१.१.१५ बीउ बीजन ऐन, २०४५ ले नेपालमा सूचीकृत एवं दर्ता भएका वीउ विजनको मात्र विक्री वितरण गर्न पाइने व्यवस्था गरेकोले उक्त ऐनमा सूचीकृत भएका बालीहरूको बीउ तथा बिरुवाहरू मात्र आयात गर्नुपर्नेछ ।

निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ अर्न्तगत नेपाल सरकारले समय समयमा निकासी पैठारी गर्न पूर्ण वा परिमाणात्मक बन्देज लगाएका वस्तुहरू सोही बमोजिम हुनेछ ।

**(ग) एकीकृत परिपत्र-२०७६ को परिपत्र नं. ०१/२०७६ को दफा १.६.१ (अनुसूची १.१८) मा उल्लेख भएका वस्तुहरूको सूचीमा देहाय बमोजिमको वस्तुलाई थप गरिएको छ :**

| क्र.सं. | हार्मोनिक कोड | वस्तु |
|---|---|---|
| १६४. | ७२०२.३०.०० | Ferro-Silico-Manganese |

**(घ) एकीकृत परिपत्र-२०७६ को परिपत्र नं. १/२०७६ को दफा १.७.१७ मा देहाय बमोजिम कायम गरिएको छ ।**

यस्तो सटही सुविधा माग गर्ने आयातकर्ताहरूबाट आयात गरिने वस्तुहरू आयात गरी नसकेको प्रतिबद्धता समेत अनिवार्य रूपमा लिनु पर्नेछ । साथै, वस्तु आयात वापतको भुक्तानी सामान shipment हुनुपूर्व नै पठाइसकेको हुनुपर्नेछ ।

**(ङ) एकीकृत परिपत्र-२०७६ को परिपत्र नं.०२/२०७६ लाई देहाय बमोजिम संशोधन गरिएको छ ।**

## Asian Clearing Union (ACU) का सदस्य राष्ट्रहरूबीच हुने कारोवार सम्बन्धी व्यवस्था

Asian Clearing Union (ACU) का सदस्य राष्ट्रहरूबीच हुने कारोवार सम्बन्धमा यस बैंकबाट देहाय बमोजिमको व्यवस्था भएकोले सोही बमोजिम गर्न/गराउन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्यालय लगायत सबै कार्यालयहरू र इजाजतपत्रप्राप्त "क" वर्गका बैंकहरूलाई यो परिपत्र जारी गरिएको छ ।

१. नेपाल र भारतबीच हुने व्यापारिक कारोवारहरू बाहेक ACU का अन्य सदस्य राष्ट्रहरूबीच हुने अमेरिकी डलर/युरो/जापानी येन पाँच सय वा सोभन्दा बढी रकमको कारोवार अनिवार्य रूपमा ACU बाट गर्नु पर्नेछ । तर, सोभन्दा कम रकमको कारोवार भने बैंक आफैंले अन्य माध्यमबाट गर्नुपर्नेछ । यसरी भुक्तानी पठाउँदा सम्बन्धित "क" वर्गका बैंकहरूले निम्नानुसार गर्नुपर्नेछ ।

(क) एसियन क्लियरिङ युनियन अन्तर्गतका कारोवारहरूमा प्रयोग हुने मनिटरी युनिटको विनिमय दर अमेरिकी डलर, युरो तथा जापानी येनसँग बराबर हुने व्यवस्था गरी यसलाई "ACU DOLLAR", "ACU EURO" तथा "ACU YEN" भनी नामाकरण गरिएको छ ।

(ख) ACU कारोवारका लागि युनियनका सदस्य देशहरूका वाणिज्य बैंकहरूले ACU DOLLAR, ACU EURO तथा ACU YEN ACCOUNT खोल्नुपर्नेछ ।

(ग) एसियन क्लियरिङ युनियन अन्तर्गत हुने आयात निर्यात कारोवारको भुक्तानी (Settlement) अमेरिकी डलर, यूरो तथा जापानी येनमा मात्र गर्नुपर्नेछ । यस अनुसार सो कारोवारको लागि यस बैंक र सम्बन्धित बैंकहरूबीच गरिने कारोवार पनि अमेरिकी डलर, यूरो तथा जापानी येनमा मात्र हुनेछ ।

(घ) ACU सदस्य देशहरूबीच हुने आयात निर्यातको लागि खोलिने प्रतीतपत्र ACU DOLLAR, ACU EURO तथा ACU YEN मा मात्र खोल्नुपर्नेछ ।

(ङ) एसियन क्लियरिङ युनियन सम्बन्धी कारोवार गर्ने "क" वर्गका वाणिज्य बैंकहरूले यस विभागमा रहेको SWIFT Address: NRBLNPKAFED मा संलग्न अनुसूची २.१

अनुसारको MT 202 बमोजिमको SWIFT Message को माध्यमबाट पत्राचार गर्नु पर्नेछ ।

(च) "क" वर्गका बैंकहरूले यस विभागस्थित लगानी शाखाको Back Office को ACU Desk मा Value Date भन्दा कम्तीमा दुई कार्य दिनअगावै संलग्न अनुसूची २.१ अनुसारको भुक्तानी अनुरोध पत्र (Payment Request Letter) पठाई सोको बोधार्थ पत्र बैंकिंग कार्यालय, थापाथलीलाई पठाउने । यस विभागको लगानी शाखाको Back Office को ACU Desk ले भुक्तानी गर्नुपर्ने रकम र सो वापत लाग्ने अन्य कमिसन ( यस विभागले गर्ने कारोवार दिनको विनिमय दरको आधारमा) "क" वर्गका बैंकहरूको अमेरिकी डलर खाता खर्च गरी Value Date मा भुक्तानी हुने गरी भुक्तानी गर्नु पर्ने देशको केन्द्रीय बैंक मार्फत सम्बन्धित देशको वाणिज्य बैंकको अमेरिकी डलर खातामा रकम जम्मा गर्न Payment Instruction पठाउने ।

(छ) "क" वर्गका बैंकहरूबाट ACU कारोवार अन्तर्गतको भुक्तानीका लागि अन्य ACU सदस्य राष्ट्रका वाणिज्य बैंकमा रहेको अमेरिकी डलर खातामा रकमान्तर गर्न चाहेमा समेत माथि खण्ड (च) मा उल्लेख भए अनुसारकै व्यवस्था लागु हुने ।

(ज) यदि सम्बन्धित "क" वर्गका बैंकहरूको अमेरिकी डलरको खातामा भुक्तानी गर्नुपर्ने रकमको मौज्दात पर्याप्त नभई सो खाता Overdrawn हुने अवस्था आएमा नपुग रकममा बैंक दरमा २ प्रतिशत थप गरी दिन गन्तीको हिसाबले हुने व्याज वा कम्तीमा अमेरिकी डलर १००.०० मध्ये जुन रकम बढी हुन्छ सोही बराबरको हर्जाना लगाउने ।

**२. ACU कारोवारमा कमिसन र SWIFT चार्ज सम्बन्धमा :**

यस बैंक मार्फत एसियन क्लियरिङ युनियनका सदस्य केन्द्रीय बैंकहरूमा व्यापारिक कारोवारहरू वापतको रकम भुक्तानी पठाउँदा यस बैंकबाट स्विफ्ट चार्ज र कमिसन नलिने व्यवस्था गरिएको छ ।

**३. एसियन क्लिरिङ युनियनको कारोवारमा Nostro Account को प्रयोग र Vostro Account मा व्याज प्रदान गर्ने :**

एशियन क्लिरिङ युनियन (ACU) को कारोवारमा Nostro Account को प्रयोग र एशियन क्लिरिङ युनियन अन्तर्गत हुने व्यापारिक कारोवार एवम् भुक्तानी तथा हिसाब राफसाफ प्रकृयालाई छिटो छरितो सम्पन्न गराउने प्रयोजनको लागि देहाय बमोजम गर्नुपर्नेछ ।

(क) एशियन क्लिरिङ युनियन अन्तर्गत हुने व्यापारिक कारोवारमा संलग्न हुने वाणिज्य बैंकहरूले अर्को सदस्य देशको वाणिज्य बैंकमा एशियन मौद्रिक एकाइको रूपमा रहेका मुद्राहरू ACU Dollar (ACUD), ACU Euro (ACUE) र ACU YEN (ACUY) मा Nostro Account खोल्नु पर्नेछ । सदस्य देशहरूबीच हुने व्यापारिक कारोवारको भुक्तानी तथा राफसाफ वाणिज्य बैंक स्तरमा रहेका उक्त खाताहरू मार्फत गर्नुपर्नेछ ।

(ख) उक्त खातामा फण्डिङ गराउने तथा खाता बन्द गराउँदा मौज्दात रहेका बाँकी रकम फिर्ता लिने प्रयोजनको लागि मात्र यस बैंक मार्फत कारोवार गर्नु पर्नेछ ।

(ग) अर्को सदस्य देशका वाणिज्य बैंकहरूले नेपालका वाणिज्य बैंकहरूमा खोलेका ACU Dollar (ACUD), ACU Euro (ACUE) र ACU YEN (ACUY) खातामा खाता खोल्ने बैंकसँग भएको सम्झौतामा उल्लेखित शर्तहरूको अधीनमा रही आफ्नो स्वविवेकले व्याज प्रदान गर्नु पर्नेछ ।

अनुसूची २.१

(इ.प्रा.परिपत्र संख्या २ को दफा (१) को खण्ड (ङ) र (च) सँग सम्बन्धित)

**MT 202 GENERAL FIN INST TRANSFER**

| Field | Description | कैफियत |
|---|---|---|
| 20 | TRN | सम्बन्धित बैंक तथा यस बैंकका बीचमा भएको कारोवारको संकेत नं. |
| 21 | Related Ref.No. | सम्बन्धित बैंक तथा Beneficiary बैंकको बीचमा भएको कारोवारको संकेत नं |
| 32 A | Value Date, Currency Code, Amt | भ्यालु डेट को सन्दर्भमा रकमान्तर गर्ने देशमा विदा नपर्ने गरी कम्तीमा एक कार्य दिन अगावै यस विभागमा SWIFT पठाउनु पर्ने । |
| 53 A | Sender's Correspondent | यस बैंकमा रहेको ACU Dollar, ACU EURO तथा ACU YEN खाता नं. सहित सम्बन्धित वाणिज्य बैंकको नाम । |
| 56 A | Intermediatory | आवश्यकता अनुसार |
| 57 A | Account with Institutions | SWIFT पठाउने सम्बन्धित विदेशी केन्द्रीय बैंकको नाम |
| 58 A | Beneficiary Institution | रकम पाउने सम्बन्धित विदेशको वाणिज्य बैंक |
| 72 | Sender to Receiver Information | Charge कसबाट लिने, L/C, T T No, पत्राचार गर्ने फ्याक्स नं. तथा अन्य कुरा आवश्यकता अनुसार खुलाउने । |

**(च) एकीकृत परिपत्र-२०७६ को परिपत्र नं. ०६/२०७६ मा रहेको "निर्यातमा अनुदान प्रदान गर्ने सम्बन्धी कार्यविधि (पहिलो संसोधन), २०७५" को दफा (३) को उपदफा (१) मा देहाय बमोजिम गरिएको छ :**

(१) नेपाल सरकारले अनुसूची १ मा उल्लिखित वस्तु निर्यात गरेमा निर्यातकर्तालाई कूल निर्यात मूल्यमा पाँच प्रतिशत र अनुसूची २ मा उल्लिखित वस्तुहरू निर्यात गरेमा निर्यातकर्तालाई कूल निर्यात मूल्यमा तीन प्रतिशतले हुने रकम अनुदान स्वरूप उपलब्ध गराउने छ ।

भवदीय,

बम बहादुर मिश्र
(कार्यकारी निर्देशक)

**बोधार्थ:**

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा ।

४. श्री नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय ।
५. श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।
६. श्री नेपाल सरकार, गृह मन्त्रालय, अध्यागमन विभाग ।
७. श्री नेपाल सरकार, राजश्व अनुसन्धान विभाग ।
८. श्री नेपाल सरकार, भन्सार विभाग ।
९. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
१०. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
११. श्री नेपाल राष्ट्र बैंक, विकास वैंक सुपरिवेक्षण विभाग ।
१२. श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखा परीक्षण विभाग ।
१३. श्री नेपाल बैंकर्स संघ ।
१४. श्री डेभलपमेण्ट बैंकर्स एशोसिएसन ।
१५. श्री नेपाल उद्योग वाणिज्य महासंघ ।
१६. श्री नेपाल उद्योग परिसंघ ।